आज मिति २०८२/१२/२४ गते मंगलबारका दिन यस सुनकोशी गाउँपालिका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको नवौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोका | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | हरेन्द्र चौधरी | |

**आमन्त्रित:**

| | | | |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

मिति २०८२ चैत २४ गते बसेको गाउँ कार्यपालिकाको नवौं बैठक

## गाउँ कार्यपालिकाको नवौं बैठकको कार्यसूचि

१. गाउँ कार्यपालिका बैठकका विगतको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. सुधारिएको चुलो वितरण परियोजना सम्बन्धमा ।
३. नेपाल पत्रकार महासंघको अनुरोध पत्र सम्बन्धमा ।
४. 'घ' वर्गको इजाजत पत्र सम्बन्धमा ।
५. सिफारिस गरी पठाउने सम्बन्धमा ।
६. बालमैत्री स्थानीय शासन घोषणा प्रस्तावना सम्बन्धमा ।
७. अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धमा ।
८. बाल श्रम मुक्त गाउँपालिका सम्बन्धमा ।
९. कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशिलाता विकास कार्यक्रम सम्बन्धमा ।
१०. बजेट माग सम्बन्धमा ।
११. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१२. स्वीकृत दरबन्दी भन्दा बाहेक शिक्षक/कर्मचारी सम्बन्धमा ।
१३. विविध सम्बन्धमा ।

## निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस भन्दा अगाडि गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भइरहको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा ग्रीनोभा कन्सल्टिङ्ग प्रा.लि., काठमाडौं नेपालको प्रस्तावमा गाउँपालिकामा चुलो वितरण तथा विद्यालयमा Aqua Tab जडान कार्यको लागि यस गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल पत्रकार महासंघ जिल्ला शाखा, सिन्धुपाल्चोकले मिति २०८२/०८/०८ को पत्र मार्फत दैनिक प्रशासनलाई सहज बनाउन एक थान कम्प्युटर सेट र प्रिन्टर माग गरेको हुँदा एक थान कम्प्युटर सेट र प्रिन्टर खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा ढाग्रेपानी कालिदेवी निर्माण तथा सप्लायर्स सुनकोशी गाउँपालिका ५ सिन्धुपाल्चोक र श्री कोसेली बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि. सुनकोशी गाउँपालिका ६ सिन्धुपाल्चोकले "घ" वर्गको इजाजत पत्र पाउँ भनी पेश गरेको सम्पुर्ण कागजात तथा प्राविधिक समितिको सिफारिसको आधारमा सुनकोशी गाउँपालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ अनुसार दर्ता गरी अभिलेख राख्ने र इजाजत पत्र दिने निर्णय गरियो ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

हरेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा

क) सुनकोशी गाउँपालिका वडा नं ६ निवासी अविन भण्डारीले वडा कार्यालयको सिफारिस सहित दिनुभएको निवेदन अनुसार वडा न ६ मा कात्तिके कृयापुत्री भवन निर्माण भएको जग्गा ब्लक न ६ को ४.७६३ हेक्टरमा पर्ने जग्गा सार्वजनिक हो भन्ने सिफारीस लिन सल्लाघारी सामुदायीक वन उपभोक्ता समितिको सार्वजनिक हो भन्ने निवेदन र मिति २०७८/१०/११ गतेको वन समितिको निर्णय न १ मा सार्वजनिक प्रयोजनका लागी २ कोठे कृयापुत्री भवन र सौचालय निर्माण र अन्य पुर्वाधारका लागी वन क्षेत्रमा पर्ने उक्त जग्गा सार्वजनिक प्रयोजनमा प्रयोग गर्ने भन्ने निर्णयको प्रतिलिपी अनुसार उक्त ४.७६३ हेक्टर भएको सार्वजनिक जग्गामा कात्तिके कृयापुत्री भवन निर्माण भएकोले उक्त जग्गा सार्वजनिक प्रयोजनको लागि भएको तथा निर्माण कार्य सम्पन्न गर्ने कुनै बाधा अवरोध नरहेको व्यहोरा समेत यसै निर्णयबाट स्पष्ट गर्दै सामाजिक विकास कार्यालय धुलिखेलमा सिफारिस गर्ने निर्णय गरीयो ।

ख) सुनकोशी गाउँपालिका वडा नं ४ अन्तर्गत पर्ने गणेश माध्यामिक विद्यालयमा अति आवश्यक भएको खेल मैदान मर्मतसभार गर्न विद्यालय सगै जोडिएको सरकारी जग्गामा बिगत देखि नै प्रदेश सरकार र स्थानिय सरकारको बजेट मार्फत खेल मैदान निर्माण भएको तर सम्पन्न नभएकोले यस बर्ष सामाजिक बिकास कार्यालयबाट बिनियोजित रकमबाट अधुरो खेल मैदान मर्मत संभार सम्पन्न गर्न बिद्यालयले प्रयोग गर्दै आएको जग्गामा बिगत देखि नै सरकारी रकमबाट नै निरन्तर निर्माण कार्य भएकोले निर्माण कार्य सम्पन्न गर्ने कुनै बाधा अवरोध नरहेको व्यहोरा समेत यसै निर्णयबाट स्पष्ट गर्दै सामाजिक विकास कार्यालय धुलिखेलमा सिफारिस गर्ने निर्णय गरीयो ।

ग) सुनकोशी गाउँपालिका वडा नं. १ मा अवस्थित श्री वालशिक्षा आधारभूत विद्यालयले स्थापना कालदेखि प्रयोग गर्दै आएको सार्वजनिक जग्गामा रहेको खेलमैदानको निर्माण कार्य अघिल्ला वर्षहरूमा गाउँपालिकाको बजेटबाट आंशिक रूपमा सम्पन्न भएको तर हालसम्म पूर्ण रूपमा सम्पन्न हुन नसकेको अवस्थामा, वागमती प्रदेशबाट आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित बजेटबाट उक्त खेलमैदानको बाँकी (अधुरो) निर्माण कार्य सम्पन्न गर्ने कुनै बाधा अवरोध नरहेको व्यहोरा समेत यसै निर्णयबाट स्पष्ट गर्दै सामाजिक विकास कार्यालय धुलिखेलमा सिफारिस गर्ने निर्णय गरीयो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा ६ नं वडा कार्यालयबाट बालमैत्री स्थानीय शासन घोषणाको प्रस्तावना प्राप्त भएको हुँदा प्रस्तावना बमोजिम कार्यक्रम कार्यान्वयनको लागि CWISH तथा अन्य गैहसरकारी संस्थासंग साझेदारी गरी कामकारबाही अगाडि बढाउने निर्णय गरीयो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम अन्तर्गत अनिवार्य तथा निःशुल्क शिक्षा अनुदानको लागि तपसिल बमोजिमको मापदण्डको आधारमा विद्यालयहरुलाई अनुदान दिने निर्णय गरीयो

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

तपसिल:

१. आ.वि (१-५) ३०,०००।—

२. आ.वि (१-८) ४०,०००।—

३. मा.वि (१-१०) १,००,०००।—

४. मा.वि (१-१२) १,५०,०००।—

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा बाल श्रम मुक्त गाउँपालिका निर्माण गर्नको लागि सुनकोशी गाउँपालिकाको सम्पुर्ण वडाहरुमा सूचना प्रकाशन गरी विवरण माग तथा उजुरी संकलन गर्ने निर्णय गरीयो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशिलाता विकास कार्यक्रम कार्यान्वयनको लागि मितिः २०८२/०४/३० मा विनियोजित रकम तपसिल बमोजिम संशोधन गर्ने विभिन्न मितिमा सूचना प्रकाशन गरी प्राप्त माग निवेदन बमोजिम अनुदान प्रदान गर्न साथै कृषक प्रोस्साहन कार्यक्रम कार्यान्वयन गर्न विनियोजित रकमको एकमुष्ठ ठेक्का प्रक्रियामा जाँदा समय अभाव हुने देखिएकोले अधिकतम २०/२० लाखको एक वा बहु वडागत प्याकेज निर्माण गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्ने निर्णय गरीयो ।

| क.सं | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १. | साना सिँचाई पाइप खरिद तथा अन्य | ५० लाख | |
| २. | कृषक प्रोस्साहन तथा व्यवसाय प्रवर्धन | ७६ लाख | |
| ३. | सामुहिक कृषि खेति | १० लाख | |
| ४. | डेरी सञ्चालन सहयोग तथा अन्य उपकरण | ५ लाख | |
| ७. | कृषि औजारमा अनुदान | ५ लाख | |
| ८. | कार्यक्रम सञ्चालन खर्च | ४ लाख | |

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा

क) सुनकोशी गाउँपालिका वडा नं ३ अन्तर्गत पर्ने सुकुटे महेन्द्रकान्ती मिलडाँडा सडक स्तरउन्नतीको लागि आगामी आर्थिक बर्ष २०८३/०८४ मा कार्यान्वयन हुने गरी उक्त योजनाको डि.पि.आर सहित लागत अनुमान करिव ५३ करोड बजेट सघन सहरी तथा भवन निर्माण आयोजना रामेछाप समक्ष अनुरोध गर्ने निर्णय गरीयो ।

ख) सुनकोशी गाउँपालिका अन्तर्गत पिङडाँडा, १२ किलो भञ्याङ हुँदै छिमेकी जिल्ला दोलखा सम्म कच्ची सडक निर्माण भई यातायात संचालन भईरहेको उक्त सडक योजना पक्की गर्न सङ्घीय अर्थ मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय तथा सहरी विकास मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरीयो

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

हरेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा सुनकोशी गाउँपालिका योजना अनुगमन समितिबाट पेस भएको अनुगमन प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरीयो ।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा सङ्घीय सरकार अर्थ मन्त्रालयको परिपत्र र सो परिपत्र सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ताकेता पत्र बमोजिम सुनकोशी गाउँपालिका अन्तर्गत स्वीकृत दरवन्दी भन्दा बाहिर कार्यरत शिक्षक/कर्मचारीको नियम बमोजिम करार सेवा रद्द गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो । साथै समायोजन भएका तथा सम्भावित समायोजन हुने विद्यालयहरुमा जनशक्ति व्यवस्थापनको लागि तपसिल तीन सदस्यीय विद्यालय अनुगमन समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल:

क) सामाजिक विकास समिति संयोजक श्री पूर्ण बहादुर महत -संयोजक

ख) प्रवक्ता श्री इश्वर तिमल्सिना -सदस्य

ग) शिक्षा अधिकृत श्री निम बहादुर बुढाथोकी -सदस्य सचिव

१३. प्रस्ताव नं १३ को विविध प्रस्ताव माथि छलफल गर्दा

क) साविक गाउँ विकास समिति र जिल्ला बिकास समितिबाट यस कार्यालयमा अस्थायी पदमा कार्यरत तपसिल बमोजिमका कर्मचारीको अस्थायी सम्झौता पत्र नभएकोले अव उपरान्त नियमानुसार सम्झौता गरी कामकाज लगाउने निर्णय गरीयो ।

१. पार्वती नापित -(सहायकस्तर पाँचौं (सामाजिक परिचालक))

२. किरण खड्का -(सहायकस्तर चौथो (कार्यालय सहायक))

३. सागर श्रेष्ठ -(सहायकस्तर चौथो (कार्यालय सहायक))

ख) भूमि समस्या समाधान आयोगमा भूमिहिन तथा अव्यवस्थित बसोबासी सिफारिसको लागि सबै वडा कार्यालयलाई विवरण संकलन गरी पठाउन तथा विवरण नभएको हकमा भूमिहिन तथा अव्यवस्थित बसोबासी नभएको भनि वडा समितिको निर्णय गरी पत्राचार गर्न निर्देशन दिने निर्णय गरीयो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

हरेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत